# राप्ती गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
**मसुरिया, दाङ**

**औषधि आपूर्ति सम्बन्धी शिलबन्दी दरभाउपत्र आव्हानको सूचना**

**(प्रथम पटक प्रकाशित मितिः २०७९।०७।१६)**

**राप्ती गाउँपालिकामा आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि औषधि आपूर्ति गर्न शिलबन्दी दरभाउपत्रको माध्यमबाट औषधि खरिद गर्नुपर्ने भएकोले इजाजत प्राप्त सप्लायर्स, थोक विक्रेता तथा कम्पनीहरुबाट निम्न शर्तको अधिनमा रही रितपूर्वकको शिलबन्दी दरभाउपत्र आव्हान गरिन्छ।**

तपसिल

१. सूचना प्रकाशन भएको मितिले १५ औं दिन मिति २०७९।०७।३० गतेसम्म कार्यालय समयभित्र यस कार्यालयको नाममा बैंक अफ काठमाडौ भालुबाङ शाखामा रहेको मूल सञ्चित खाता नं ०१५४०००००२६८५२४ मा रु १०००। फिर्ता नहुने गरी जम्मा गरेर औषधि व्यवसायी प्रमाणपत्र, फर्म नवीकरण प्रमाणपत्र, स्थायी लेखा प्रमाणपत्र तथा आ व २०७८।०७९ को कर चुक्ता प्रमाणपत्र वा कर दाखिला गरेको विवरणपत्रको प्रतिलिपी संलग्न गरी www.bolpatra.gov.np बाट बोलपत्र फाराम खरिद गर्न सकिने छ।

२. विक्री भएका वोलपत्रहरु १६ औं दिन मिति २०७९।०८।०१ गते दिनको १२ वजेसम्म सार्वजनिक खरिद अनुगमन कार्यालयको वेवसाइट www.bolpatra.gov.np मार्फत पेश गर्नुपर्ने छ। सोही दिनको १ वजे दर्ता भएका शिलबन्दी दरभाउ पत्रहरु कार्यालयका प्रतिनिधीहरु र शिलबन्दी दरभाउपत्रदाताका प्रतिनिधीहरुको रोहवरमा खोलिने छ। शिलबन्दी दरभाउपत्रदाताका प्रतिनिधी नभएमा पनि शिलबन्दी दरभाउपत्र खोल्न बाधा पर्ने छैन।

३. सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ मा भएको व्यवस्था बमोजिम शिलबन्दी दरभाउपत्रदाता खरिद कार्वाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नवाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसुरमा कुनै सजाय नपाएको भनी लिखित रुपमा स्वयं घोषणा गरेको कागजात दरभाउपत्र साथ पेश गर्नु पर्ने छ।

४. शिलबन्दी दरभाउपत्रदाताले रु १,२५,०००। जमानत रकम यस कार्यालयको नाममा बैंक अफ काठमाडौ भालुबाङ शाखामा रहेको धरौटी खाता नं ०१५४०००००११३५२४ मा जम्मा गरेको बैंक भौचर वा सो बराबरको बोलपत्र खोलिने मितिले ७५ दिन म्याद भएको बैंक जमानत पेश गर्नुपर्ने छ।

५. शिलबन्दीदरभाउपत्रमा कवोल गरेको दररेट अंक र अक्षर दुवैमा स्पष्ट बुझिने गरी लेखिएको हुनुपर्दछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइने छ र केरमेट भएको ठाउँमा सहीछाप गरेको हुनुपर्दछ।

६. WHO GMP Certified Company बाट उत्पादित औषधि मात्र खरिद गरिने छ। शिलबन्दीदरभाउपत्रमा सप्लाई हुने औषधिहरु बोतलमा र चक्कीहरु स्टिपमा हुनुपर्ने छ। सप्लाई हुने औषधिहरुको प्रत्येक बोतल र प्याकेटको बाहिर र चक्कीहरुको स्टिपहरुमा उत्पादन मिति, म्याद गुज्रने मिति, ब्याच नं लेखिएको हुनुपर्ने छ।

७. औषधि दाखिला हुन आइसक्दासम्म धौषधिको म्याद कम्तिमा १८ महिना बाँकी हुनुपर्ने छ। तर कुनै औषधिको म्याद १८ महिनाभन्दा कम हुने अवस्थामा म्यादको ७५ प्रतिशत म्याद बाँकी हुँदाको वखत दाखिला गर्न सकिने छ।

८. शिलबन्दी दरभाउपत्रमा पेश गरेको मूल्य यस आ व को लागि भएकोले आषाढ मसान्तसम्म कुनै प्रकारको मूल्य वृद्धिलाई स्वीकार गरिने छैन।

९. शिलबन्दीदरभाउपत्रमा माग गरिएको परिमाण थपघट गर्ने, शिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकार गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहने छ।

१०. शिलबन्दी दरभाउपत्र फाराममा प्रत्येक औषधिको आइटम वाइज उत्पादक कम्पनीको नाम, WHO GMP Certified Company अनिवार्य रुपमा भर्नुपर्ने छ। सोही अनुसारको प्रत्येक औषधिको नमुना समेत अनिवार्य रुपले छुट्टै शिलबन्दी गरी विवरण सहित पेश गर्नुपर्ने छ। साथै औषधि बिक्री वितरण दर्ता प्रमाणपत्र, उत्पादन अनुमति पत्र, विदेशी औषधिको हकमा Letter of Recommendation for Import Drug आदि प्रमाणहरु पेश हुनुपर्ने छ। यसरी सम्पूर्ण आइटमहरुको नमुना पेश नभएको फर्महरुको शिलब्नदी दरभाउपत्र मूल्यांकन प्रकृयामा समावेश गरिने छैन।

११. शिलबन्दी दरभाउपत्रदाताले दरभाउपत्रका साथ पेश गर्ने प्रमाणपत्र तथा आवश्यक सम्पूर्ण कागजातका प्रतिलिपीहरु मान्यता प्राप्त नोटरी पब्लिकबाट प्रमाणित गरी अपलोड गर्नु पर्नेछ। नोटरी पब्लिकबाट प्रमाणित नगरिएको स्क्यान प्रतिलिपीहरु मूल्यांकन प्रक्रियामा समावेश गरिने छैन।

१२. यस सूचनामा छुट हुन गएका अन्य कुराहरु सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४ तथा प्रचलित ऐन कानून बमोजिम हुनेछ।

| सि नं | बोलपत्र नं | खरिदको विवरण | शिलबन्दी दरभाउ पत्र फाराम शुल्क | धरौटी रकम रु | लागत अनुमान |
|---|---|---|---|---|---|
| ०१ | RRM/SQ/G/06/2079/080 | ओषधि तथा औषधिजन्य सामाग्री | रु १०००। | १२५,०००। | रु ४९,९९,८६८।९४ |

**प्रमुख प्रशासकीय अधिकृत**